# समूह संचालन सहयोगी पुस्तिका

२०६२/२००५

समूह संचालन सहयोगी पुस्तिका

प्रकाशक:

**नेपाल ग्रामीण पुनर्निर्माण संस्था** (आरआरएन)

केन्द्रीय कार्यालय, लाजिम्पाट, काठमाण्डौं

# समूह संचालन सहयोगी पुस्तिका

२०६२/२००५

सल्लाहकार : डा. अर्जुन कार्की
: डा. ऋषि अधिकारी

लेखक : बसन्तलक्ष्मी उदास

चित्र तथा डिजाइन : ग्राफिक वर्कशप, फोनः ४२४२०७२

प्रकाशक : नेपाल ग्रामीण पूनर्निर्माण संस्था (आरआरएन)
पो. ब. नं. ८१३०
लाजिम्पाट, काठमाण्डौं
फोन नं. ४४१५४१८/४४२२१५३
फ्याक्सः ४४१८२९६/४४४३४९४
इमेलः rrn@rrn.org.np
वेबः www.rrn.org.np

मुल्य रु. : ००/-

| | **बिषयसुची** | **पेज नं.** |
|---|---|---|
| १. | समूहको जीवनचक्र | १ |
| २. | समूह विकासको प्रारम्भिक चरण | १ |
| ३ | संस्थागत स्वरुपको थालनी | १ |
| ४ | समूह विकासको परिपक्वताको चरण | १ |
| ५ | समूह के हो ? | २ |
| ६ | समूह किन चाहिन्छ ? | २ |
| ७ | समूहले गर्ने कामहरू | ३-५ |
| ८ | समूह गठन गर्दा ध्यान दिनुपर्ने कुराहरू | ६ |
| ९ | समूह गठनका पाईलाहरू (प्रक्रिया) | ६ |
| १० | समूह परिचालन गर्ने तरिका | ७ |
| ११ | सामुहिक कार्यमा जनसहभागिता नजुट्नका कारणहरू | ८ |
| १२ | जनसहभागिता कसरी जुटाउन सकिन्छ ? | ८ |
| १३ | समूहको संरचना | ८ |
| १४ | समूह विकासमा परिपक्वताको चरणहरू | ९ |
| १५ | सामुदायिक विकास कार्यक्रम सञ्चालन | १० |
| १६ | समुदायको अध्ययन | ११ |
| १७ | समुदायको भेला गर्ने | ११ |
| १८ | समूह गठनका प्रक्रिया | १२ |
| १९ | बैठक के हो ? | १२ |
| २० | बैठक बस्नुभन्दा पहिला गर्नुपर्ने कुराहरू | १३ |
| २१ | बैठक संचालनको वेला ध्यान दिनुपर्ने कुराहरू | १३ |
| २२ | समूह बैठक सञ्चालन गर्ने तरिका | १४ |
| २३ | वैठक पछि गर्नुपर्ने कुराहरू | १४ |
| २४ | निर्णय के हो | १५ |
| २५ | निर्णय लिनुपर्ने आवश्यकता | १५ |
| २६ | निर्णय गर्दा ध्यान दिनुपर्ने कुराहरू | १५ |
| २७ | निर्णयमा प्रभाव पार्ने तत्वहरू | १५ |
| २८ | मतभिन्नता के किन ? | १६ |
| २९ | नेतृत्व भनेको के हो ? | १७ |
| ३० | नेतृत्व गर्ने व्यक्तिमा हुनुपर्ने गुणहरू | १७ |
| ३१ | नेताका प्रकारहरू | १८ |
| ३२ | बचत के हो ? | २० |
| ३३ | बचत किन ? | २० |
| ३४ | बचत कसरी ? | २१ |
| ३५ | बचत कसका लागि | २१ |
| ३६ | बचत कसरी वृद्धि गर्ने ? | २१ |
| ३७ | बचत गीत | २२ |
| ३८ | ऋण के हो ? | २३ |
| ३९ | ऋण किन ? | २३ |
| ४० | ऋण लिंदा ध्यान दिनुपर्ने कुराहरू | २४ |
| ४१ | ऋण लगानीका पाईलाहरू | २४ |

# भूमिका

समाजमा धेरै पहिलादेखि परम्परागत रुपमा अनौपचारिक तरिकाले एक आपसमा संगठित हुँदै आइरहेको छ र उक्त कार्यलाई निरन्तरता दिंदै व्यवस्थित समुदाय परिचालन र स्वावलम्वी समूह निर्माण गर्नको साथै आवस्यकताको पहिचान गराई सामूहिक कार्यमा जनसहभागिता जुटाई एउटा नमूना गाउँ, समाज बनाउने अभियानमा लाग्नको लागि यस पुस्तिकाले सहयोग गर्न सक्नेछ भन्ने सोचाईले तालिम र अनुभवबाट भएका अनुभवहरूलाई समेटी यो पुस्तिका तयार गरिएको छ । सरल तथा सबैले बुझ्ने भाषामा प्रकाशित गरेर यसमा समावेश भएका विषयमा सबैलाई ज्ञान प्राप्त होस र सजिलै प्रकारले तालिम संचालन गर्नमा सहयोग पुगोस् भन्ने लक्ष्यले यो पुस्तिका तयार गरिएको छ । यो पुस्तिका संघ/संस्थाहरूलाई मात्र नभएर ग्रामीण समुदायमा पनि यस पुस्तिकाले सहयोग गर्नेछ भन्ने आशा गरेको छु । यो पुस्तिका मेरो आफ्नो अनुभव र सिकाईको आधारमा प्रकाशित भएको छ। मेरो पहिलो प्रयासमा केही त्रुटि हुन गएमा क्षमा प्रार्थी छु। यस पुस्तिकामा भएका कमी, कमजोरीहरूलाई औंल्याई सहयोग गर्नु हुनेछ भन्ने आशा राख्दै यो पुस्तिकाले तालिममा सहयोग पुऱ्याएको स्थितिमा यो पुस्तिका प्रकाशनको उद्देश्य पूरा हुने आशा गरेको छु।

यो पुस्तिकालाई पूर्ण रुपमा ल्याउन र प्रकाशित गरी सहयोग गरिदिने नेपाल ग्रमीण पुनर्निर्माण संस्था (RRN) का अध्यक्ष डा. अर्जुन कार्की, डा.ऋषिराज अधिकारी र निवर्तमान कार्यकारी निर्देशक श्री सर्वराज खड्काप्रति आभार व्यक्त गर्दछु ।

यो पुस्तिकालाई मुर्तरुप दिन आफ्नो व्यस्त समयका बाबजुद पनि सबै पक्षबाट सहयोग गरिदिनु हुने मेरो साथी प्रेमकला नेम्वाङ्गप्रति आभार व्यक्त गर्दछु।

साथै यो पुस्तिका तयार पार्न मलाई अनुकूल वातावरण तयार पारिदिने मेरो छोरी विजया ताम्राकार तथा मलाई हरेक क्षेत्रमा उपयुक्त वातावरण बनाईदिने, आत्मविश्वास बढाईदिने र हौसला दिने मेरा दुई छोराहरू किरण ताम्राकार र प्रकाश ताम्राकारप्रति म धेरै आभारी छु

**वसन्तलक्ष्मी उदास**

जिल्ला संयोजक, आरआरएन, दाङ
Email: basanta_udas@yahoo.com

## समूहको जीवनचक्र

गर्भावस्थादेखि जन्मेसम्म जसरी मानिसलाई सुँडेनीको आवस्यकता पर्दछ, त्यसरी नै समूहको जन्म हुँदा पनि ज्यादै होस पुयाउनु पर्ने हुन्छ ।

**धारणाको जन्मः** समूह बनाउनुपर्छ भन्ने धारणा देखेर, सुनेर वा जानेर समूह बन्नुभन्दा पहिल्यै गरिएका सरसल्लाह र छलफलहरू नै समूहको जन्म हुनुको धारणा हो ।

**समूह गठन गर्ने निर्णयको अवस्थाः** समूह गठन गर्ने धारणाको जन्म भएपछिको अवस्था नै समूह गठनको निर्णयको अवस्था हो ।

## समूह विकासको प्रारम्भिक चरणहरू

- सामुहिक सरसल्लाह र छलफल
- समूह सदस्य निर्धारण
- समूहको नामाकरण
- समूह संचालन गर्न कार्यसमितिको छनौट
- समूहको नीति, नियम निर्धारण
- निश्चित लक्ष्य, उद्देश्य स्पष्ट गर्ने

## संस्थागत स्वरुपको थालनी

- बैठकमा राखिएका प्रस्ताव र गरिएका निर्णयहरू लेख्ने कार्यको थालनी
- जिम्मेवारी तहका कार्यकर्ताहरूले जिम्मेवारी र दायित्वप्रति सचेत
- बैठकमा समूह सदस्यहरूले आफ्नो मनमा लागेका कुरा भन्नसक्ने अवस्थाको थालनी
- सामुहिक समस्याहरूलाई बैठकमा राख्ने धारणाको सुरुवात

## समूह विकासको परिपक्वताको चरण

- बैठकमा प्रश्ताव र निर्णयहरू निर्णय पुस्तिकामा स्पष्टसँग लेख्ने सुरुवात
- बैठकमा छलफल गरिएका र आवस्यकता महसुस भएका विषयहरूका बारेमा कुनै पनि संघ/संस्था वा सरकारी निकायहरूसँग समन्वय गर्नसक्ने अवस्था ।

## समूह के हो ?

दुई वा दुईभन्दा बढी व्यक्तिहरू मिलेर निश्चित उद्देश्य पूरा गर्नको लागि निश्चित क्षेत्रभित्र बसोबास गर्ने निर्धारितस्तरका व्यक्तिहरू एक आपसमा छलफल गरी गठन गरिएको जमातलाई समूह भनिन्छ वा यसले सबै समूहका सदस्यहरूको सहयोगबाट समूहको सामुहिक उद्देश्य प्राप्त गर्ने प्रयास गरिरहेको हुन्छ । समूह त्यस्तो शक्ति हो जसले एकजुट भएर आफ्नो हकहितको लागि लड्न सक्छ ।

## समूहको आवस्यकता किन ?

- सामुहिक समस्या पत्ता लगाउन र समाधान गर्न ।
- समाजमा एकरुपता ल्याउन ।
- विचारको आदानप्रदान गर्न ।
- आपसी त्रुटि पत्ता लगाई दोहोरीन नदिन ।
- मेलमिलाप र सहयोगको भावना बढाउन ।
- आत्मनिर्भरता ल्याउन ।
- सामुहिक शक्ति वृद्धि गर्न ।
- सामुहिक निर्णयका लागि ।
- योजनाबद्ध तरिकाबाट काम गर्न ।
- समयको बचत गर्न ।
- योजनाको लक्ष्य प्राप्त गर्न ।
- एकाधिकार अन्त गर्न ।
- कुसल नेतृत्वको व्यवस्था गर्न ।

## समूहले गर्ने कामहरू

१. **लक्ष्मीको चित्र** : बचत तथा ऋण परिचालन, आयआर्जनको कामहरू, व्यापार व्यवसाय आदी ।



२. **सरस्वतीको चित्र** : विद्या, तालिम, ज्ञान शिपहरू हांसिल गर्ने, क्षमता विकास गर्ने ।



३. **दुर्गाको चित्र** : समूहमा आइपरेको समस्याहरूको समाधान गर्ने, एक्लैले गर्न नसकिने काम सजिलैसँग गर्न सकिने ।



## समूह सदस्य छनौट गर्दा ध्यान दिनुपर्ने कुराहरू

- समान व्यवहार भएका व्यक्तिहरू हुनुपर्ने ।
- व्यक्तिगतभन्दा सामुहिक स्वार्थलाई प्राथमित दिने ।
- समुदायको वास्तविक्ता बुझ्ने ।
- रचनात्मक भावना भएको ।
- अरुको विचारको कदर गर्ने ।
- सहयोगी भावना भएको ।
- आत्मविश्वास भएको ।
- धैर्यवान व्यक्तिहरू ।
- समूहमा बस्न ईच्छुक
- स्पष्ट उद्देश्य भएका ।
- सकेसम्म एउटै क्षेत्रको ।
- समान आर्थिक अवस्था भएको ।
- समान उमेर भएको ।
- स्वार्थविहीन ।
- सकेसम्म एउटै भाषा, शिक्षा र पेशा भएको ।
- त्यागी भावना भएको ।

## समूह गठनका पाईलाहरू

- पूर्व परिश्रम (वस्तुस्थितिको अवलोकन)
- सामुदायिक अंग बन्नुपर्ने
- सामाजिक खोजतलास
- सुरुवातको लागि कार्यक्रमको छनौट
- बैठक बस्ने
- कार्य विभाजन
- उदाहरण पेश गर्ने
- कार्यान्वयन गर्ने
- अनुगमन तथा मूल्यांकन गर्ने ।

## समूह सफल हुनुको लागि निम्न कुराहरूमा ध्यान दिनुपर्छ ?

- समान व्यवहार हुनुपर्ने
- मेल मिलाप र एकता
- स्थायित्व हुनुपर्ने
- सबैलाई समान व्यवहार
- निस्वार्थ भावना भएको
- आपसमा विश्वास र ईमान्दारीता
- उचित कार्य विभाजन
- सबैमा सक्रियता
- सामुहिक निर्णय
- सबै वर्गको प्रतिनिधित्व
- समयप्रति सचेत
- सम्मानको भावना

## समूह परिचालन गर्ने तरिका

- सबैको सहभागिता मिलाउनु पर्दछ
- U आकार भएर समूह बस्ने
- सबैले बुझ्ने गरी प्रष्टसँग बोल्ने
- समूहमा आपसी छलफल गर्ने
- सबैलाई छलफलका विषयमा बोल्ने मौका दिने
- छलफलको विषयमा कुरा काट्ने वातावरणलाई रोक लगाउने
- समूहका छलफल तथा निर्णयलाई टिपोट गर्ने व्यक्तिको छनौट गर्ने
- समूहको छलफलको विषयभन्दा बाहिर नजाने वातावरणको सिर्जना गर्ने
- समूहमा छलफल गर्दा कुरा बुझ्न गाह्रो महसुस भयो भने मात्र सहयोगीले समूहले भन्न खोजेको कुरा बुझाईदिने
- छलफलको समय तोक्ने ।

## सामूहिक कार्यमा जनसहभागिता नजुट्नाको कारण

- व्यक्तिगत स्वार्थ (आफ्नो स्वार्थको लागि समाजमा भ्रम फैलाई दिनु
- सामाजिक कारण, अविश्वास, जनचेतनाको कमी, ईज्जतको डर
- राजनीतिक कारण, व्यक्तिगत स्वार्थ
- भौगोलिक कारण
- चाहना नहुनु
- बेफूर्सदका कारण
- सहयोगीको लापर्वाहीको कारण
- ईज्जतको डर
- आर्थिक कठिनाईका कारण
- शैक्षिक स्थितिको कारण

## जनसहभागिता कसरी जुटाउन सकिन्छ ?

- राम्रो काम गरेर देखाउने र विश्वास दिलाउने
- एक अर्कालाई सहयोग गर्ने
- समुदायसँग हरेक कुरामा सल्लाह लिने
- उद्देश्यको बारेमा समुदायलाई प्रष्टसँग बुझाउने
- फाईदा बेफाईको बारेमा प्रष्ट पारिदिने
- जन चेतना जगाउने ।

## समूहको संरचना

१. अध्यक्ष

२. सचिव

३. कोषाध्यक्ष

४.सदस्यहरू

## समूह विकासमा परिपक्वताको सूचकहरू

- प्रत्येक महिना बैठक बस्ने ।
- बैठक बस्ने घर निर्माण गर्ने ।
- बचत कोष संकलन गरी परिचालन गर्ने ।
- समूह स्वयं बसी हरहिसाब राख्ने र छलफल भएका निर्णयहरू कार्यान्वयन गर्नसक्ने ।
- महिला समूहका महिलाहरू ५० प्रतिशत साक्षर भएको ।
- महिला समूहका सदस्यहरू ५० प्रतिशतभन्दा बढीले चर्पी प्रयोग गरेको ।
- सबै महिला समूहको बालबालिकाले खोप पूरा गरेको ।
- महिला समूहका सबै सदस्यहरू परिवार नियोजको शाधनहरू प्रयोग गरेको ।
- महिला स्वास्थ्य स्रोत तथा परामर्श केन्द्रप्रति सकारात्मक धारणा भएको ।
- खानेपानीको राम्रो व्यवस्था भएको ।
- घर, आँगन, धारा/कुवा, ईनार सफा भएको ।
- आफ्नो घरपरिवारको लागि आवस्यक तरकारी खेती लगाएको । (करेसाबारी)
- आफ्नो र समुदायमा आईपरेका समस्याहरूलाई अगाडि राख्नसक्ने र समाधानका लागि अग्रसर हुने ।
- बेलाबेलामा सभा, गोष्ठी र छलफलमा भाग लिने गरेको ।
- दिवसहरूमा सक्रिय रुपमा भाग लिने गरेको ।
- विभिन्न सरकारी तथा गैरसरकारी संस्थाको सहयोग लिई कार्यक्रम संचालन गरेको ।
- सामाजिक लिङ्गभेद र वर्गीय भेदभावविरुद्ध आवाज उठाउने गरेको ।
- बालबच्चाहरू (छोरी र छोरा) दुबैलाई विद्यालय पठाएको ।
- विभिन्न सरकारी तथा गैरसरकारी संस्थाबाट दिईने तालिममा सहभागी भएको ।
- महिला तथा बालबालिका बेचबिखनविरुद्धको कार्यक्रममा भाग लिने गरेको ।
- भौतिक पूर्वाधार निमार्ण योजनाहरूको संरक्षण, मर्मतसंभार र प्रभावकारी परिचालन गर्ने गरेको ।

## समूह विकासमा परिपक्वताको चरण पार गरिसकेपछि दुई धारमा विभाजन हुनसक्छ

### संस्थागतरुप धारणाः

एनजिओ/सहकारीको दीगो विकास गर्न र सामाजिक उन्नती र प्रगतिको लागि कहिलेकाहीं बाह्य सहायताको आवश्यकता परेको अवस्थामा सरकारी तथा गैरसरकारी संस्थाहरूसँग श्रोत साधन वा अनुभव आदानप्रदानमा साझेदारीको विचार र उद्देश्य पूरा गर्नका लागि जसले आफ्नो सक्रियता र अगुवाईमा सामाजिक कार्यको सुरुवात गर्दै सफलतातर्फ अग्रसर भएको हुन्छ। आफ्नो अन्तरआत्मावाट दृढ संकल्प र विश्वास बोकी अघि वढेका समूहहरूले सफलतानै सफलता हांसिल गरी दीगो बन्न सक्दछन्।

### १. समूहको निस्क्रिय अवस्था

सहयोगी संस्थाहरूको सरसल्लाह सहयोग हुँदाहँदै पनि समूहको आवश्यकता महसुस नगर्नु । आफ्नोपनको महसुस नहुनु र विकास अरुले आएर गरिदिनु पर्छ, हाम्रो जिम्मेवारी होईन, हाम्रो कर्तव्य होईन भन्ने धारणाको विकास हुनु र संघ/संस्थासँग समन्वयको आवश्यकता महसुस नगर्नुको अवस्थामा समूह निक्रिय भई संस्थागत रुपको धारण गर्न सक्दैन ।

### २ समूहको अस्तित्व लोप भएको अवस्था

समूह निस्क्रिय अवस्थामा प्रवेस गरिसकेपछि समूहको अस्तित्व लोप भएर जानसक्छ । सुरुमा जुन विचार, ईच्छा, चाहना र उद्देश्यअनुसार समूह गठन भएको थियो जसअनुसार समूह चल्न नसक्दा समूह लोप भएर जानसक्छ । त्यसकारण समूहलाई संस्थागत रुप दिनुपर्छ जसले गर्दा समूहको लक्ष र उद्देश्यअनुसारको कामहरू गर्ने र निरन्तरता दिने प्रयास गर्नुपर्दछ र आफ्नो गाउँको विकास आफै गर्नुपर्दछ भन्ने भावनाको विकासलाई निरन्तरता दिंदै अगाडि बढ्नुपर्ने हुन्छ ।

## सामुदायिक विकास कार्यक्रम सञ्चालन

कुनै पनि समुदायमा सामुदायिक विकास कार्यक्रम सञ्चालन गर्नको लागि सामुहिक जनशक्तिको आवश्यकता पर्दछ । जुन समूहको माध्यमवाट मात्र सम्भव

हुन्छ । सामुदायिक विकास कार्यकर्ताहरूले समुदायमा प्रवेश गर्दा सर्वप्रथम त आफ्नै समुदायको सदस्य सम्भनु पर्दछ । एक बलियो समूह गठन गर्नको लागि समुदायसँग घुलमिलको साथै आवश्यक पूर्व तयारीहरू गर्नुपर्दछ  जुन तल उल्लेख गरिएको छ ।

### १. **समुदायको अध्ययन:**

समुदायमा प्रवेश गरेपश्चात आफूले समूदायको विस्तृत अध्ययन गर्न थाल्नु पर्दछ र समुदायले पनि यसरी नै आफ्नो अध्ययन गरिरहेका हुन्छन् भन्ने कुराको ख्याल राख्नुपर्दछ । अध्ययन गर्ने क्रममा समाजसेवी, वुद्धिजिवी, स्थानीय निकायका प्रतिनिधीहरू, शिक्षक आदीसँग भेटघाट गर्नुपर्दछ र उक्त भेटघाट गर्ने क्रममा आफ्नो संस्थाको एवं कार्यक्रमको बारेमा समेत स्पष्ट परिचय दिनुपर्दछ । यसरी अध्ययन गर्ने क्रममा आफू समुदायसँग भिज्न सक्नुपर्दछ र उनीहरूको गतिविधीबारे पूर्ण जानकारी लिनुपर्दछ ।

### २. **समूदायको सामान्य तथ्यांक संकलन गर्ने:**

- समुदायको भौगोलिक अवस्था
- समुदायको सामाजिक नक्शा
- सामाजिक रीतिरिवाज एवं संस्कृति
- सामाजिक संरचना
- काम गर्ने शैली
- समुदायमा पहुँच भएका व्यक्तिहरू
- समुदायका गरिव तथा पिछडिएका वर्गहरू
- समुदायमा महिला वर्गको पहुँच

### ३. **समुदायको भेला गर्ने:**

समुदायका सवै वर्गहरूलाई समूह गठनको प्रश्ताव राखी कुनै निश्चित मिति र समय तोकी समूदायको भेला गराउनु पर्दछ । उक्त भेलामा समूदायका मानिसहरूको सामाजिक तथा आर्थिक अवस्था, उनिहरूका आवश्यकता तथा चाहना र आपसी सहयोग बारे छलफल गर्ने र कार्यक्रमको संक्षिप्त परिचय दिने । उक्त भेलामा समूह गठन र कार्यक्रमको उद्देश्य तथा नीतिवारे संक्षिप्त

परिचय दिने प्रश्ताव र छलफलबाट स्वीकृत विषयवस्तुहरूलाई सहित निम्न कुराहरूमा निर्णय गरी पुस्तिकामा लेख्न लगाउने ।

- समूहको नाम राख्न लगाउने ।
- एउटै समूहमा एकघर धुरीबाट एकजना मात्र सदस्य भएको हुनुपर्ने ।
- समूहमा रहेका सदस्यहरूको नियमित बैठक गर्ने भेट्ने दिन (मिति) समय र स्थान किटान गर्ने ।
- समूहमा अनुशासन कायम गर्न नीति नियम क्रमिक रुपमा बनाउन अभिप्रेरित गर्ने र पालना पनि गर्न लगाउने ।
- समूहमा बचत संकलनबारे जानकारी गराउने र नियमित बचत गर्न अभिप्रेरित गर्ने ।

## समूह गठनका प्रक्रिया

- स्थानीय क्षेत्रका सबैजसो व्यक्तिहरूसँग राम्ररी परिचित हुने ।
- समुदायलाई सामुदायिक कार्यक्रमप्रति चासो राख्ने खालको सकारात्मक भावनाहरूको विकास गराउने ।
- समूहवाट पाईने फाईदाहरूको बारे अनुभव आदानप्रदान गर्ने ।
- समुदायको आवश्यकता, चाहना र समस्या पत्ता लगाउने ।
- समूहको उद्देश्यहरू निर्धारण गर्ने, समूह गठनको लागि सदस्यहरू भेला गराई समूह गठनको कार्य थालनी गर्ने ।

## बैठक के हो ?

बैठक एक निश्चित व्यक्तिहरूको सामुहिक औपचारिक भेला अथवा जमघट हो । जहाँ विचारहरू थपिन्छन्, मतभेदहरू हटाईन्छन् र अन्तमा निर्णय निकालेर एकता हुनुका साथै निर्णयहरू पूरा गरी जिम्मेवारीहरूको बाँडफाँड गरिन्छ जुन एक निश्चित उद्देश्य प्राप्त गर्नका लागि हुने भेला हो ।

| | | |
|---|---|---|
| + जोड | : | विचारहरू |
| - घटाउ | : | विवाद वा मतभेद |
| x गुणन | : | एकता वा निर्णय |
| ? ?भाग | : | समान जिम्मेवारी बाँडफाँड |

## बैठक बस्नुभन्दा पहिला गर्नुपर्ने कुराहरू

- अध्यक्षलाई स्मरण गराउने ।
- अध्यक्षको आदेशअनुसार बैठक बोलाउनुको कारण र समस्या देखाई बैठकको सूचीसहित ४८ घण्टा अगाडि पत्राचार गर्ने ।
- बैठको लागि समय, मिति र स्थान तोक्ने ।
- बैठकसँग सम्वन्धित बाहिरी व्यक्ति वा संघ/संस्थालाई निमन्त्रण गर्ने ।
- पत्र पुगे नपुगेको जानकारी लिने ।
- बैठक बस्ने स्थानको वातावरण मिलाउने ।
- बैठको लागि आवश्यक सामाग्रीहरू जुटाउने ।

## बैठक संचालनको बेला ध्यान दिनुपर्ने कुराहरू

- गणपुरक संख्या हेर्ने
- ध्यानाकर्षण गराउने
- अध्यक्षको औपचारिक आसन ग्रहण गराउने
- अध्यक्षको अनुमतिमा बैठक संचालन गर्ने
- पूर्व बैठकले निर्णय गरेका कार्यहरूको समीक्षा र पुनरावलोकन गर्ने
- छलफलका विषयहरूलाई पढेर सुनाउने र सबै सदस्हरूबाट थप सुझाव भए संकलन गर्ने
- विषयवस्तुलाई वर्गीकरण गर्ने, छलफललाई अगाडि बढाउने
- एकताको आधारमा निस्केको निचोडलाई उतार्ने
- विचार बाझेमा विवादरहित तरिकाबाट समाधान खोज्ने
- बैठकलाई नियन्त्रण गर्ने
- बैठकको उद्देश्य पूरा भयो भएन जाँच गर्ने
- निर्णयअनुसार कार्य गर्न जिम्मेवारीको बाँडफाँड गर्ने
- अर्को बैठकको मिति तय गर्ने
- अध्यक्षबाट औपचारिक रुपमा बैठक समापन गर्ने
- उपस्थिति तथा निर्णयमा सबैको हस्ताक्षर गराउने ।

## समूह बैठक  सञ्चालन गर्ने तरिका

- समयमा नै उपस्थित भई उपस्थित सहभागीहरूको हाजिर गराउने ।
- पूर्व बैठकले निर्णय गरेका कार्यहरूको समीक्षा र पुनरावलोकन गर्ने ।
- छलफलका विषयहरूलाई पढेर सुनाउने र सबै सदस्हरूबाट थप सुझाव भए संकलन गर्ने ।
- विषयवस्तुलाई वर्गीकरण गर्ने र छलफललाई अगाडि बढाउने ।
- छलफलका विषयवस्तुहरूलाई पालै पालो गरी सहभागितामूलक ढंगबाट छलफलमा ल्याउने ।
- एकताको आधारमा निस्केको निचोडलाई रजिस्टरमा उतार्ने ।
- विचार बाझेमा विवादरहित तरिकाबाट समाधान खोज्ने ।
- सबै सदस्यहरूलाई बोल्ने मौका दिने ।
- बैठकलाई नियन्त्रण गर्ने ।
- बैठक सकेसम्म छोटो समयमा सकाउने प्रयास गर्ने ।
- बैठकको उद्देश्य पूरा भयो भएन जाँच गर्ने ।
- निर्णयअनुसार जिम्मेवारीको बाँडफाँड गर्ने ।
- अर्को बैठकको मिति तय गर्ने ।
- अध्यक्षबाट औपचारिक रुपमा बैठक समापन गर्ने ।
- उपस्थिति तथा निर्णयमा सबैको हस्ताक्षर गराउने ।

## बैठकपछि गर्नु पर्ने कुराहरू

- बैठकमा आमन्त्रित व्यक्तिहरूलाई  वैठक समापन भएको जानकारी गराउँदै धन्यवाद दिई विदाई गर्ने ।
- बैठकमा निर्णय गरेका कुराहरूको सारांश सम्बन्धित ठाउँमा र अनुपस्थित व्यक्तिहरूलाई पठाउने ।
- कार्यान्वयनका लागि सम्वन्धित निकायसँग समन्वय गर्ने ।
- कार्यान्वयनका लागि आवश्यक कदम चाल्ने ।
- स्थानीय श्रोत साधन जुटाउन जिम्मेवारी अनुसारको काम गर्ने ।

- भावी कार्यक्रकहरूको रेकर्ड राख्ने ।
- गर्दै गरेका कार्यक्रमहरूको अनुगमन तथा मूल्यांकन गर्ने ।

## निर्णय के हो ?

- दुई वा दुईभन्दा बढी विकल्पहरूमध्ये एउटा उपयुक्त विकल्प र अन्य सहायक विकल्पहरू छनौट गर्नु नैं निर्णय हो ।

## निर्णय लिनुपर्ने आवश्यकता

- आदेशअनुसार (माथीबाट जबरजस्ती गराइएको निर्णय)
- अनुरोधको निर्णय (तलबाट माथिल्लो निकायमा अनुरोध गरेको निर्णय)
- स्वःविवेकअनुसारको निर्णय (आफ्नो लागि आफैले गरेको निर्णय)
- छलफलको निर्णय (सामुहिक रुपमा छलफल गरी गरिएको निर्णय)

## निर्णय गर्दा ध्यान दिनुपर्ने कुराहरू

- परिणाम कस्तो निस्कन्छ ?
- त्यसको प्रभाव कस्तो पर्दछ ?
- समयावधी/कुन समय ?
- श्रोत साधन कति छ र कति चाहिन्छ ?
- क्षमता र शिप के कति छ ?
- अनुगमन र मूल्यांकनको अवस्था ।

## निर्णयमा प्रभाव पार्ने तत्वहरू

- नाता/साथी
- वैचारिक मत भिन्नता समान विचारधारा
- लिङ्ग/शक्ती
- क्षेत्रीयता
- जातीयता
- गुटबन्दी

- सामाजिक मान्यता र सम्मान
- राजनीतिक स्वार्थ
- आर्थिक/वर्गीय/धार्मिक/शैक्षिक आदी

## मतभिन्नता के हो ?

- दृष्टिकोण फरक हुनु, पूर्वाग्रही भावना हुनु र फरक फरक विचार हुनु नैं मतभिन्नता हो ।

## मतभिन्नता किन हुन्छ ?

- थाहा नपाएर
- समस्या फरक भएर
- नियत खराव भएर

## मतभिन्नता हुने तहहरू

- पहिलो १/१ एक एक जनाको बीचमा हुने कलह
- दोस्रो १/५ एकजना र समूह बीचमा हुने कलह
- तेस्रो ५/५ जना समूह, समूहमा हुने कलह

## मतभिन्नताका फाईदाहरू

- मानिसहरू नयाँ तौरतरिका खोज्न बाध्य हुन्छन्
- राम्रा राम्रा विचार आउँछन्
- मानिसहरूले आफ्नो विचार प्रकट गर्न सक्छन्
- लामो समयसम्म अड्किएर बसेको समस्या सतहसम्म आउँछ ।

## मतभिन्नताका बेफाईदाहरू

- केही व्यक्तिहरूमा पराजय वा हिनताको भावना उत्पन्न हुन्छ ।
- केही व्यक्तिहरूले मानसिक तनावले गर्दा संघ/संस्था परित्याग गर्दछन् ।
- सामुदायिक भावना अनुरुप काम गर्नुपर्दा मानिसहरू हिचकिचाउने गर्न थाल्छन् ।

- भावनाको विकासलाई सोहीअनुरुप सानो परिधीभित्र मात्र काम गर्ने वानी वढ्न सक्छ ।
- मानिसमा भएको आपसी सदभाव र सामिप्यतामा कमी आउन सक्छ ।

## नेतृत्व भनेको के हो ?

- कुनै पनि नेताले आफूले काम गर्ने कार्यशैली आफ्नै प्रकारले अपनाएको हुन्छ । यसरी नेताले आफूले काम गर्न अपनाएको कार्यशैली वा अगुवाईको लागि खेल्ने भूमिका नै नेतृत्व हो । जस्तै, एक व्यक्तिले समूहको अन्य व्यक्तिलाई स्वःईच्छाले सम्वन्धित कामहरू सँगसँगै ध्यानाकर्षण गराउनसक्ने क्षमतालाई नैं नेतृत्व भनिन्छ

वा

- कुनै पनि उद्देश्य प्राप्तिका लागि व्यक्ति, समूह, समुदाय, समाज वा राष्ट्रको अगुवालाई गर्नसक्ने क्षमता नैं नेतृत्व हो ।

## नेतृत्व गर्ने व्यक्तिमा हुनुपर्ने गुणहरू

- प्रजातान्त्रिक र समाजसेवी भावना भएको
- सकृय र फुर्तिलो/निडर
- चरित्रवान
- सृजनशील
- पारदर्शी/धैर्यवान
- जिम्मेवारी वहन गर्नसक्ने
- ईमान्दारीता
- स्पष्टवक्ता
- मिलनसार
- अरुको विचारको कदर गर्ने
- प्रतिबद्धता भएको

- अरुलाई संगठीत र रेखदेख गर्नेसक्ने
- भनाई र गराईमा एक रुपता ल्याउन सक्ने
- आफू उदाहरण बनेर देखाउन सक्ने
- लागु पदार्थको सेवन नगर्ने
- आफ्नो गल्तीलाई खोतल्नसक्ने
- अरुको समस्या बुझ्री समाधान गर्नसक्ने
- समय र परिस्थिती अनुसार चल्नसक्ने
- विषयवस्तुहरूको गहिरो ज्ञान भएको
- समस्याको पहिचान र समाधान गर्नसक्ने
- वृहत जनसहभागितामा विश्वास राख्ने

## नेता निम्न प्रकारका हुन्छन्

१. **प्रजातान्त्रिक नेता :** समूहले भनेपछि ठीकै छ भोटीङ गरेर जसको बढी भोट आउँछ त्यस्तै प्रकारले काम गरौंला भन्ने ।

२. **पानीमरुवा नेता :** सदस्यहरूदेखि डराउने, जे भने पनी हुन्छ गरौंला भन्ने काम चाहीं गर्दै नगर्ने भए पनि गरौंला भन्न नछोड्ने ।

३. **तानासाही नेता :** समूहमा हुकुमी शासन चलाउने व्यक्ति ।

४. **अग्रगामी नेता :** समय र परिस्थितिअनुसार नेताको भूमिका बहन गर्नसक्ने नेता नै समूहको नेता बन्नसक्छ र समूहलाई डोऱ्याउन सक्छ ।

### कथा

एउटा घरमा आगलागी भयो भनेर सहयोग मांग्न गाउँलेहरू आए तर नेतालाई आगो निभाउन जाऔं भन्दा नेताले एकछिन पर्खनुस सबैसँग सल्लाह गरौं अनि जाऔंला भन्दाभन्दै उक्त घर ध्वस्त भैसकेको हुन्छ । त्यसकारण समय र परिस्थितिअनुसार नेताको आफ्नो भूमिका बहन गर्नसक्ने हुनुपर्छ ।

१. **प्रजातान्त्रिक नेता :**

- जनतासँग सरोकार राख्ने
- दोहोरो पक्रिया अपनाउने
- हौसला र स्याबासीमा विश्वास राख्ने
- कार्यकर्तामाथि विश्वास राख्ने
- बहुमतको कदर गर्ने
- मतमा मात्रै विश्वास राख्ने
- चरित्रमाथि विश्वास गर्न नसकिने (अवसरवादी)

२. **पानीमरुवा नेता :**

- धेरै सुन्ने कम बोल्ने
- ठोस निर्णय दिन नसक्ने
- अरुलाई स्वतन्त्र रुपमा छोडिदिने
- कार्यकर्तालाई पूर्णरुपमा विश्वास गर्ने
- क्षमता विहिन
- विश्वास गर्न र सहयोग गर्न नसकिने

३. **तानसाही नेता :**

- पारदर्शितामाथि विश्वास गर्ने
- अरुलाई आफ्नो नियन्त्रणमा राख्नखोज्ने
- अरुमाथि विश्वास नगर्ने
- दण्ड र सजायमा विश्वास गर्ने
- आफ्नै व्यबस्था र प्रक्रिया अपनाउने
- मनोमानी गर्ने

४. **अग्रगामी नेता :**

ठाउँ र परिस्थिति अनुशार प्रजातान्त्रिक नेता, तानाशाही नेता र पानीमरुवा नेता यी तीनै किसिमको नेताको भूमिका खेल्नुपर्ने हुन्छ । त्यस्तो आवश्यकता अनुसार माथिका भूमिका निर्वाह गर्नसक्ने नेतालाई अग्रगामी नेता भनिन्छ ।

## वचत के हो ?

कुनै निश्चित भौगोलिक सीमाभित्र बसोबास गर्ने, उस्तै स्तर वा रुचि भएका मानिसहरू आपसमा मिली थोरै रकम वा जिनिस नियमित रुपमा सकंलन गरी त्यसको परिचालन आफूभित्र नै गर्नका लागि सहमत हुन्छन् भने त्यसलाई बचत कार्यक्रम भनिन्छ ।

### तसर्थ बचत भनेको,

- भविष्यको सहारा हो ।
- आर्थिक विकासको बिउ हो
- खुत्रुके, भकारी, ढुकुटी, बैंक जम्माको थाली हो
- सानासाना व्यवसाय संचालन गरी आयआर्जन गर्ने पुँजीको श्रोत हो ।
- आर्थिक, सामाजिक विकासको प्रयास हो । फजुल खर्चको कटौती हो ।
- खेर गईरहेको श्रोत, साधन र समयको सदुपयोग हो ।
- बचतकर्ताको नासो हो ।
- बुढेसकालको सहारा हो ।

## बचत किन ?

- रोजगारीको सिर्जना गर्न
- आयमुलक व्यवसाय संचालन गर्न
- साहुको चर्को व्याजबाट बच्न
- गाउँको पुंजी स्थानीयस्तरमा नै परिचालन गर्न
- श्रोतसाधनको परिचालन गर्न
- भैपरी आउने समस्या टार्न
- बाह्य सहयोग प्राप्त गर्न
- आर्थिक तथा सामाजिक जीवनस्तर उकास्न
- सामुहिक र साझेदारी भावनाको विकास गर्न
- आत्मनिर्भर र स्वावलम्वी हुन

## बचत कसरी ?

- फजुल खर्च कटौती गरेर
- आम्दानी बढाएर
- बचत गर्ने बानीको विकास गरेर
- बचतलाई खर्चसरह मानेर
- बचतको महत्व बुझाएर
- थोरैथोरै भएर पनि नियमित रुपमा संकलन गरेर
- समूहमा आवद्ध भएर
- जाँगरीलो, उद्यमशील र परिश्रमी भएर

## बचत कसका लागि ?

- बचतकर्ताको लागि
- परिवारको लागि
- समुदायको लागि
- राष्ट्रको लागि

## ५. संचालनमा रहिरहेका बचत तथा ऋण सहकारी संस्था लि. मा बचत कसरी वृद्धि गर्ने ?

- प्रतिस्पर्धात्मक रुपमा आकर्षक व्याज दिएर ।
- सेवाको स्तरमा वृद्धि गरेर ।
- बचत र ऋणका प्रकारमा वृद्धि गरेर ।
- विभिन्न सुविधा तथा आकर्षणबाट ।
- सजिलै रकम राख्न र झिक्न पाउने सुविधा उपलब्ध गराएर ।
- संस्थागत संरचनामा परिवर्तन गरेर ।

# बचत गीत

बचतको अभियान सफल पार्नेछौं ।
आफ्नो लागि भविष्य आफै बनाउँछौ ।
हे..... सहकारी भावना बढाउन ।
एक जुट बनौ न हामी आपसमा ३

अनावश्यक काममा समय नफालौं
घाँटी हेरी हाड निल्ने बानी बसालौं
हे..... नियमित बैठक बसेर
बचत गर्नेछौं वाचा गरेर ३

जाँड/रक्सी, जुवा/तास टाढै राख्नेछौं
राम्रो काममा आम्दानी प्रयोग गर्नेछौं
हे...... पसिना बगेको कमाई
भविष्य सम्भ्केर अब जोगाऔं ३

हामी पछी परेको शिक्षा नहुँदा
नचाहिने कुरामा खर्च बढाउँदा
हे...... चुरोट बिंडीको धुवाँले
उडाउला जिन्दगी होस गरौं है ३

छोराछोरी समान हुन् आफ्नै सन्तान
सानो सुखी परिवार स्वर्ग समान
हे....... समूह सबैले भनौ न
बनाऔं यो गाउँलाई राम्रो नमूना ३

बचतको अभियान .....................

## ऋण के हो ?

**तोकिएको समय र सर्तमा फिर्ता गर्नेगरी सापटी लिईएको रकम नै ऋण हो**

क. ऋण आगो हो, जल्न चाहनेका लागि ।

ख. ऋण विष हो, मर्न चाहनेको लागि ।

ग. ऋण पासो हो, आत्महत्या गर्नेको लागि ।

घ. ऋण ताल हो, डुब्न चाहनेको लागि ।

ङ. ऋण हतियार हो, आफैले आफ्नो हात काट्नसक्छ ।

च. ऋण आगो हो, प्रयोग गर्न नजानेमा सबै खरानी भएर जान्छ ।

तर,

यदि हामीले ऋणको महत्वलाई बुझेन, सकारात्मक विचार र उद्देश्य लिई त्यसलाई सकारात्मक (राम्रो) कार्य, व्यावसायमा लगाई, फाईदा वा नाफा कमाउने उद्देश्य राखी ऋण लिन्छौ भने .......

**क) ऋण साधन हो** : राम्रो कुराको लागि व्यावसाय सञ्चालन गर्नेको लागि

**ख) ऋण उपाय हो** : समस्या हल गर्नको लागि

**ग) ऋण विउ हो** : फलाउन चाहनेको लागि

**घ) ऋण हतियार हो** : प्रयोग गर्न नजान्नेको लागि

**ङ) ऋण ईज्जत हो** : मेहनती बनाउन मद्दत गर्छ र यो मद्दतकर्ता पनि हो

## ऋण किन ?

- आयमुलक काम गरी आम्दानी बढाउन
- आफै पढ्न वा छोराछोरी पढाउन
- आर्थिक विकास गर्न
- आपतकालीन अवस्थाको समस्या टार्न

## ऋण लिंदा ध्यान दिनुपर्ने कुराहरू

- घर सल्लाह
- आफ्नो व्यावसाय थालनी गर्न उपयुक्त रकम छ कि छैन ?
- व्याजदर र किस्ता उपयुक्त छ छैन ?
- व्यावसायको आम्दानीबाट ऋण तिर्न सकिन्छ सकिदैन ?
- ऋणले सिर्जनशील बनाउँछ वा निस्क्रिय ?
- तमसुकमा सही गर्दा अंक र अक्षर ठीक छ कि छैन ?

## ऋण दिदा ध्यान दिनुपर्ने कुराहरू

१) चरित्र

२) तिर्नसक्ने क्षमता

३) जमानी, धितो

४) प्रतिबद्धता

५) अवस्था

६) प्रयास

## ऋण लगानीका पाईलाहरू

१) ऋण कागजपत्र संकलन र पेश गर्ने

२) व्यावसायको विश्लेषण गर्ने

३) प्रामिकता निर्धारण गर्ने

४) किस्ता, व्याज र असुली मिति

५) आवश्यक कागज (तमसुक, खाता, जमानी) तयार पार्ने

## सामुहिक गान

विजयी हुनेछौं, विजयी हुने छौं, विजयी हुनेछौं....एक दिन.....हो....हो.....
हृदयदेखि गर्दछौं विश्वास........
विजय हुनेछौं एक दिन ......

एकता ल्याउनेछौं, एकता ल्याउनेछौं, एकता ल्याउनेछौं............
एकदिन.....हो....... हो.....हृदयदेखि गर्दछौ विश्वास........................
एकता ल्याउनेछौं एक दिन ......

विकास गर्नेछौं, विकास गर्नेछौं, विकास गर्नेछौं.....एक
दिन.....हो......हो.....हृदयदेखि गर्दछौ विश्वास.....
विकास गर्नेछौं एक दिन ।

समानता ल्याउनेछौं, समानता ल्याउनेछौं, समानता ल्याउनेछौं....
एक दिन....हो.....हो...हृदयदेखि गर्दछौ विश्वास.....
समानता ल्याउनेछौं एक दिन.....

शान्ति ल्याउनेछौं, शान्ति ल्याउनेछौं, शान्ति ल्याउनेछौं....
एक दिन.....हो.....हो.....हृदयदेखि गर्दछौ विश्वास.....
शान्ति ल्याउनेछौं एक दिन.....

प्रेम फिजाउनेछौं, प्रेम फिजाउनेछौं, प्रेम फिजाउने छौं....
एक दिन.....हो.हो.....हृदयदेखि गर्दछौ विश्वास....
प्रेम फिजाउनेछौं एक दिन

विजयी हुनेछौं .........एकदिन ।